

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क १४० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ जेठ २० गते आइतबार ❑ 2 June 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## एमाले कुनै मोर्चाको पक्षमा छैन : वरिष्ठ उपाध्यक्ष पोखरेल

**पोखरापत्र संवाददाता**
पोखरा, १९ जेठ

नेकपा (एमाले) का वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले एमाले राष्ट्रिय शक्ति बन्यो भने मात्र देशमा आमूल परिवर्तन गर्न सकिने बताउनुभएको छ।

शनिबार पोखरामा नेकपा (एमाले) पोखरा महानगरपालिका कमिटीको दोस्रो अधिवेशनलाई सम्बोधन गर्दै उहाँले यस्तो बताउनुभएको हो । वरिष्ठ उपाध्यक्ष पोखरेलले ०८४ मा हुने निर्वाचनमा बहुमत ल्याएपछि एमाले निर्णायक राष्ट्रिय शक्ति बन्ने दावी गर्नुभयो।

'जहिलेसम्म एमाले निर्णायक राष्ट्रिय शक्तिको रुपमा स्थापीत हुन सक्दैन । त्यसबेलासम्म यो देशका समस्या समाधान गर्न सकिदैन, राष्ट्रियताको समस्या समाधान गर्न सकिदैन, राष्ट्रिय स्वाभिमानका मुद्दाहरु प्रभावकारी ढंगले उठाउन सकिदैन' उहाँले भन्नुभयो। देशलाई सही दिशामा अगाडि बढाउने अभियान साकार पार्न पार्टी कमिटीलाई तल्लो तहदेखिनै सुदृढ बनाउनुपर्नेमा




उहाँको जोड थियो। अहिलेको राजनीतिक समीकरण मिसन ८४ लाई सहयोग पुग्ने सकारात्मक स्टेप मात्र भएको भन्दै एमाले कुनै मोर्चाको पक्षमा नरहेको समेत उहाँले खुलाउनुभयो। 'हामी यतिबेला कुनै मोर्चाको पक्षमा छैनौं । यो समाजवादी मोर्चा, वामपन्थी एकता ठुला-ठुला कुरा गर्ने कामचाहीं अर्कै गर्ने, त्यसकारण हामीले भनेको के हो भने वामपन्थीको एकता भन्दा पनि कामपन्थी एकता चाहियो' उहाँले प्रष्ट पार्नुभयो । कामको आधारमा अहिलेको समीकरणले दलहरुलाई नजिक ल्याउन भने सक्ने उहाँको भनाई छ । 'कामको आधारमा एकता हुन्छ, सकारात्मक काम गर्नेहरु एकठाउँमा जम्मा हुन्छन्, सकारात्मक काम गर्न नसक्नेहरु अर्को ठाँउमा जम्मा हुन्छन्' उहाँले थप्नुभयो । नेकपा एमालेका स्थायी कमिटी सदस्य खगराज अधिकारीले आगामी निर्वाचनमा तीनवटै तहमा एमालेले बहुमत ल्याउनुपर्ने बताउनुभयो । अहिलेको समीकरण एमालेललाई निर्णायक तहमा पुऱ्याउने एउटा कदम मात्र भएको उहाँको भनाई थियो। उहाँले आगामी निर्वाचनमा पोखरा महानगरपालिका ३३ वटै वडामा जित्नेगरी तयारी गर्न नेता कार्यकर्तालाई निर्देशन दिनुभयो। 'क्षेत्रफलको हिसाबले नेपालको सबैभन्दा ठुलो महानगरपालिका बनाउन चुनौती भएपनि एमाले बाहेक अरुले बनाउन सक्दैन, त्यसको लागि पुराना घटना विर्सेर अगाडि बढौं' उहाँको आग्रह थियो।

नेकपा (एमाले) पोखरा महानगरपालिका कमिटीका अध्यक्ष दिलिप न्यौपानेको अध्यक्षतामा भएको कार्यक्रममा स्थायी कमिटी सदस्य एवं कास्की जिल्ला इन्चार्ज थममाया थापा, केन्द्रीय सदस्य एवं पोखरा महानगर इन्चार्ज कृष्ण थापा, केन्द्रीय सदस्य एवं पोखरा महानगर उपप्रमुख मञ्जुदेवी गुरुङ, गण्डकी प्रदेश अध्यक्ष नवराज शर्मा, कास्की जिल्ला कमिटी अध्यक्ष वैनबहादुर अधिकारी क्षेत्री, पोखरा महानगर उपाध्यक्ष मोहन गुरुङ र सचिव जीवन आचार्यले बोल्नुभएको थियो । आइतबारसम्म चल्ने अधिवेशनले नयाँ नेतृत्व चयन गर्नेछ।

## सङ्घीयताको मर्मअनुसार प्रदेशले अधिकार पाएनः मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
पोखरा, १९ जेठ

गण्डकी प्रदेशमा रहेका सार्वजनिक तथा सामुदायिक पुस्तकालयहरुको दुई दिवसीय सम्मेलन पोखरामा शनिवारदेखि सुरु भएको छ।

सम्मेलनको गण्डकी प्रदेशका मुख्य मन्त्री सुरेन्द्र पाण्डेले उद्घाटन गर्दै आफ्नो दोस्रो पटकको कार्यकालको पहिलो औपचारिक कार्यक्रम पुस्तकालय जस्तो पवित्र संस्थाको कार्यक्रमबाट सुरु गर्न पाएकोमा खुशी व्यक्त गरे। उनले पुस्तकालय बचाउनु पर्छ, यसको दायरा फराकिलो बनाउनु पर्छ भन्दै आवश्यक सहयोग गर्न प्रदेश सरकार तयार रहेको उल्लेख गरे । उनले समयानुकुल परिवर्तनसँगै परामर्श केन्द्रका रुपमा समेत पुस्तकालयले काम गरिरहेकाले चुनौतिको सामना गर्दै नयाँ प्रविधिकासाथ अगाडि बढ्न प्रेरित गरे। पोखरा सार्वजनिक पुस्तकालयका अध्यक्ष प्राध्यापक डा. विश्व श्रेष्ठको अध्यक्षतामा सुरु भएको कार्यक्रममा गण्डकी प्रदेशका सामाजिक विकास तथा स्वास्थ्य मन्त्री विन्दुकुमार थापाले पठन संस्कृतिको विकासका साथै नियमित अध्ययन अनुसन्धानको अवसर, लेखक-पाठक बीचको अन्तरक्रिया र पुस्तक समीक्षा, चित्रकला, कथा, कविता प्रतियोगिता,नेतृत्व विकास, बाल यौन हिंसाबारे सचेतना,युवा उद्यमशील तालिम,कम्प्युटर तालिम लगायतका पुस्तकालयका गतिविधिका तारिफ गरेका थिए।

दीपशिखा सामुदायिक पुस्तकालयका अध्यक्ष समाजसेवी कृष्णहरि भण्डारीले स्वागत गर्दै जीवनपर्यन्त शिक्षाका लागि पुस्तकालयको महत्वलाई




जोड दिंदै किशोरीहरूलाई डिजिटल प्रविधिमा आधारित शिक्षा, सीप विकास, नेतृत्व कौशल, आत्म-विश्वास र सफलता सुनिश्चित गर्ने एक आदर्श प्लेटफर्म टेक एज गर्ल्स कार्यक्रम तथा ठगी र अरु समस्यामा परेकाहरूलाई मनोसामाजिक परामर्श दिदै किशोरी र महिलाहरूको स्वास्थ्यसम्बन्धी सचेतनार कानुनी साक्षरता लगायतका कार्यक्रमले पुस्तकालयको महत्वलाई अझै बढाएको उल्लेख गरे । शिक्षामन्त्रालय, पुस्तकालय समन्वय शाखाका प्रमुख उपसचिव यादवचन्द्र निरौलाले संविधानले औंल्याएका र हालसम्म बनेका नीति,निर्देशिकाहरू कार्यान्वयन हुनुपर्नेमा जोड दिदै पुस्तकालयलाई हेर्ने दृष्टिकोण बदलिनु पर्ने वताए। नेपाल सामूदायिक पुस्तकालय संघका महासचिव राजेन्द्रप्रसाद पाण्डेले समग्रमा समाजिक-सांस्कृतिक रुपान्तरणमा पुस्तकलायहरुको ठूलो योगदान रहेको वताए । पोखरा सार्वजनिक पुस्तकालयका सचिव सुर्य क्षत्रीले पुस्तकालय यात्राको आरम्भ मल्लकालीन अवधिमा भएको मानिएपनि वृहत रूपमा पुस्तक सङ्कलनको अभियान पृथ्वीनारायण शाहले गरेका उनका पनाति गीर्वाणयुद्धविक्रम शाहले वि.सं. १८६९ मा लालमोहर जारी गरी संस्थागत गरेको इतिहाँसलाई स्मरण गराउँदै २००७ सालको क्रान्तिको जग निर्माणमा 'मकै पर्व' र 'पुस्तकालय पर्व' को महत्त्वपूर्ण योगदान रहेको वताए । उनले पुस्तकालयको संस्थागत विकासका लागि ऐन, कानुनमा ध्यान दिन आग्रह गरे । कार्यक्रममा पोखरा महानगरपालिका कार्यपालिका सदस्य तथा दीपशिखा सामदायिक पस्तकालयका उपाध्यक्ष श्री निर्मला पौडेल, पोखरा महानगर वडा नं ११का वडा अध्यक्ष प्रेमप्रसाद कर्माचार्यले शुभकामना मन्तव्य राखेका थिए। कार्यक्रमको संचालन दीपशिखा सामुदायिक पुस्तकालयकी सदस्य मीन कुमारी डल्लाकोटीले गरेकी थिईन् । गण्डकी प्रदेशमा २००३ देखि २०८० सालसम्म स्थापित सार्वजनिक पुस्तकायहरू करिब १०० को हाराहारीमा रहेको देखिन्छ ।अहिले गण्डकीमा पूर्णकालीन र आंशिक रुपमा चलेका पुस्तकालयको संख्या ४१ रहेको छ ।दुई दिनसम्म चल्ने सम्मेलनले पुस्तकालयको संस्थागत विकासबारे सम्बद्ध पक्षहरु बीच ऐक्यबद्धता कायम गर्दै पुस्तकालय सम्बन्धी ऐन, नियम निर्माणका लागि प्रदेश सरकार एवं स्थानीय तहलाई अनुरोध गर्ने गरी घोषणापत्र जारी गर्ने वताइएको छ।

## तनहुँलाई खेलकुद हबका रूपमा विकास गर्नुपर्छ : उपसभापति वाग्ले

**पोखरापत्र संवाददाता**
तनहुँ, १९ जेठ

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का उपसभापति एवं तनहुँ-१ का सांसद डा स्वर्णिम वाग्लेले तनहुँलाई खेलकुद हबका रूपमा विकास गर्नुपर्ने बताउनुभएको छ।

तनहुँ जिल्ला भलिबल सङ्घले आयोजना गरेको अन्तरपालिकास्तरीय भलिबल प्रतियोगिता समापन कार्यक्रममा आज उहाँले नेपालकै मध्यभागमा अवस्थित तनहुँमा खेलकुदको पर्याप्त सम्भावना रहेकाले त्यसलाई सम्बोधन योजनाबद्ध ढङ्गले लाग्नुपर्ने बताउनुभयो।

डा वाग्लेले आगामी आर्थिक वर्षको बजेटमा खेलकुदतर्फ केही बजेट वृद्धि भएको बताउनुभयो । उहाँले भन्नुभयो, "खेलकुदमा नेपालले धेरै प्रगति गरेको छ । अहिलेको बजेटमा पनि खेलकुदतर्फको रकम केही वृद्धि भएको छ", उहाँले भन्नुभयो, "खेलकुदको विकासका लागि सरकारका तर्फबाट पहल हुनुपर्छ। यहाँ खेलकुद विकासका लागि



के गर्न सकिन्छ त्यसबारेमा सम्बन्धित पक्षसँग पहल गर्नेछौं ।" नेपालमा खेलकुद कूटनीतिलाई अगाडि बढाउनुपर्ने अवस्थासमेत औंल्याउनुभयो । नेपालमा केही भएन भन्ने युवामाझ नैराश्यमात्रै रहेकाले त्यस्तो भाष्यलाई चिर्न अब कुराभन्दा काममा जोड दिनुपर्ने उहाँको भनाइ थियो।

शनिबार घिरिङ गाउँपालिका र शुक्लागण्डकी नगरपालिकाबीच भएको फाइनल खेल हुरी र पानीले स्थगित भएको छ। दुवै टिमले एक-एक सेट जितेपछि तेस्रो सेट खेल्दै गर्दा खेल स्थगित भएको हो । भिमाद नगरपालिकालाई हराउँदै शुक्लागण्डकी नगरपालिका फाइनलमा पुगेको थियो भने शुक्लागण्डकी नगरपालिकाले सोझो सेटमा भिमादलाई पराजित गरेको थियो।

त्यस्तै ऋषिङ गाउँपालिकालाई हराउँदै घिरिङले फाइनलयात्रा तय गरेको थियो। घिरिङले पनि ऋषिङलाई सोझो सेटमा हराएको हो। तेस्रो स्थानका लागि भिमाद र ऋषिङबीच खेल भएकामा भिमाद तेस्रो भएको छ।

प्रतियोगितामा प्रथम हुनेलाई नगद रु एक लाख एक हजार एक सय ११ का साथमा ट्रफी, मेडल र प्रमाणपत्र, द्वितीय हुनेलाई रु ५१ हजार एक सयका साथमा ट्रफी, मेडल र प्रमाणपत्र र तेस्रो हुनेलाई रु २५ हजार एक सय ११ नगदका साथ ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरिने सङ्घका महाससचिव अशोक गिरीले जानकारी दिनुभयो। त्यस्तै उत्कृष्ट खेलाडी, उत्कृष्ट स्पाइकर, उत्कृष्ट सटर, उत्कृष्ट डिफेन्डर, उत्कृष्ट ब्लकर, उत्कृष्ट प्रशिक्षका लागि समेत पुरस्कारको व्यवस्था गरिएको छ।

प्रतियोगितामा जिल्लाका आँबुखैरेनी गाउँपालिकाबाहेक नौवटा पालिकाको सहभागिता रहेको थियो। प्रतियोगितामा व्यास नगरपालिका, भानु नगरपालिका, शुक्लागण्डकी नगरपालिका, भिमाद नगरपालिका, ऋषिङ गाउँपालिका, घिरिङ गाउँपालिका, म्याग्दे गाउँपालिका, बन्दीपुर गाउँपालिका र देवघाट गाउँपालिकाको सहभागिता रहेको थियो।

## सामुदायिक वनका विषय सम्बोधन भएकामा बजेटको स्वागत

**पोखरापत्र संवाददाता**
पोखरा, १९ जेठ

सामुदायिक वन उपभोक्ता समूहले बजेटमा स्थायी लेखा नम्बर दिने प्रावधानका सम्बन्धमा गरिएको व्यवस्थाको स्वागत गरेको छ।

सामुदायिक वन उपभोक्ता महासङ्घको २९औं स्थापना दिवसका अवसरमा मुलुकभरि आयोजित विभिन्न कार्यक्रममा सहभागीले सो व्यवस्थाको स्वागत गरिएका हुन् । बजेट वक्तव्यमा अर्थमन्त्री वर्षमान पुनले प्रत्येक सामुदायिक वन समूहले दुई वर्षको लेखापरीक्षण प्रतिवेदनका


बाँकी अन्तिम पृष्ठमा ▶▶



कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार

- कसैले कुनैपनि कर्मचारी वा सेवाग्राहीलाई कार्यस्थलमा कुनै प्रकारको यौनजन्य दुर्व्यवहार गरेमा सोबाट पीडित, सेवाग्राही वा निजका तर्फबाट जोसुकैले त्यस्तो व्यक्ति उपर व्यवस्थापक समक्ष पन्ध्र दिनभित्र लिखित वा मौखिक रुपमा गुनासो गर्न सक्छ ।

(कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार निवारण ऐन, २०७१)

आन्तरिक मामिला तथा कानून मन्त्रालय
गण्डकी प्रदेश, पोखरा
फोन नं. ०६१-४६७७३२/४६७७३३

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# नेपाललाई जितप्रसाद द्वा चलचित्र पत्रकारिता पुरस्कार

**पोखरापत्र संवाददाता**
पोखरा, १९ जेठ

जीतप्रसाद द्वा चलचित्र पत्रकारिता पुरस्कार-२०८० बाट आदर्श समाजकर्मी विजय नेपाल पुरस्कृत भएका छन् ।

चलचित्र पत्रकार संघ नेपाल कास्कीको शनिबार छैटौं साधारणसभामा अग्रज फिल्मकर्मी विनोद शेरचन सम्मानित भए । कार्यक्रममा मेयर धनराज आचार्यले पत्रकार नेपाललाई ३५ हजार र सम्मानपत्रसहित पुरस्कार प्रदान गरे ।

पाल्पा जिल्लाको रिब्दीकोट-७, मैनादीका नेपाल २० वर्षदेखि पत्रकारितामा क्रियाशील छन् । नेपाल संघका पूर्व सहसचिव समेत हुन् । यसअघि उक्त पुरस्कारबाट श्रीराम सिग्देल, रेम विक र राजाराम पौडेल सम्मानित भएका छन् । पहिला




२५ हजार रहेकोमा यसपालि पुरस्कार राशि १० हजार रुपैयाँ थप भएको हो ।

सो अवसरमा फिल्म क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै पोखरा १० निवासी शेरचनलाई संघले सम्मान गरेको हो । २०४५ सालमै फिल्म निर्माणमा लागेका शेरचनका कन्यादान, तृष्णा, बादलपारि, दुनियाँ चलेका फिल्म हुन् ।

कार्यक्रममा महानगरपालिकाका प्रमुख धनराज आचार्यले पोखरा फिल्म छायांकनका लागि खुला स्टुडियो भएको बताए । चलचित्र पत्रकार संघ नेपाल अध्यक्ष समीर बलामीले संघका देशभर १५ शाखामध्ये कास्की सबैभन्दा सक्रिय रहेको बताए ।

संघ कास्की अध्यक्ष प्रभु अधिकारीको सभापतित्वमा भएको समारोहमा पत्रकार महासंघ केन्द्रीय सदस्य सरिता तिमिल्सिना 'पंगेनी', महासंघ गण्डकी महासचिव गोविन्द सुवेदी, महासंघ कास्की अध्यक्ष विमला भण्डारी, प्रतिभा छनोट समिति संयोजक सुरेश रानाभाट, कास्की शाखा संस्थापक अध्यक्ष श्रीराम सिग्देल, निवर्तमान अध्यक्ष अरुण गिरी, जितप्रसाद द्वाका नाति एवं संघका सल्लाहकार समेत रहेका निकेश द्वा, सम्मानित विनोद शेरचन, पुरस्कृत व्यक्तित्व विजय नेपाललगायत बोलेका थिए । कार्यक्रम सञ्चालन सचिव सन्तोष बस्यालले गरे । सो अवसरमा संघले सहयोगीहरुलाई प्रशंसापत्र प्रदान गरेको छ । साधारणसभाले सचिव सन्तोष बस्याल र कोषाध्यक्ष सुरक्षा श्रेष्ठको प्रतिवेदन सर्वसम्मत पारित गरेको छ । २०६० असार २२ सालमा स्थापना भएको संघ कास्कीमा हाल ५५ सदस्य छन् ।

# किड्स कप भेट्रान्स भलिबलमा एफिएफ च्याम्पियन, सर्वोत्कृष्ट बने कृष्ण गाहामगर

**पोखरापत्र संवाददाता**
पोखरा, १९ जेठ

युनाइटेड किड्स क्लब पोखराले आयोजना गरेको प्रथम खुल्ला भेट्रान्स (३५ प्लस) भलिबल प्रतियोगितामा एपिएफ पोखराको टोली च्याम्पियन बनेको छ ।

पोखरा महानगरपालिका ३ नदीपुरथित छन्त्याल समाजको भलिबल कोर्टमा आज( शनिबार) भएको फाइनल खेलमा गलकोट भेट्रान्सलाई २६-२४ र ३४-३२ को सोझो सेटमा पराजित गर्दै एफिएफ च्याम्पियन बनेको हो । उपाधिसँगै एफिएफले नगद रु ४० हजार, शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्यो ।

यस्तै उपविजेता बनेको गलकोट भेट्रान्सले नगद रु २५ हजार, शिल्ड, मेडल तथा प्रमाणपत्र हात पारे । सो प्रतियोगिताबाट एफिएफका कृष्ण



गाहामगर सर्वोत्कृष्ट खेलाडी घोषित भए । यस्तै उत्कृष्ट स्पाइकरबाट टेक बहादुर पुन र उत्कृष्ट सेटरका रुपमा मिलन राना ट्रफि र नगद राशीबाट पुरस्कृत भए । कुल १६ टिमबाट विजेता तथा उपविजेता बनेको टोलीलाई समापन समारोहका प्रमुअ अतिथिसमेत रहेका गण्डकी प्रदेश सभाका सदस्य प्रकाश बराल, आयोजक संस्थाका अध्यक्ष धिरज गुरुङ, प्रायोजकले पुरस्कार वितरण गरेका थिए ।

उक्त कार्यक्रममा हिमाली साँस्कृतिक परिवार र आयोजक संस्थाको तर्फबाट विविध साँस्कृतिक कार्यक्रमहरु प्रस्तुत गरेका थिए । युनाइटेड किड्स क्लबका अध्यक्ष धिरज गुरुङको सभापतित्वमा सम्पन्न कार्यक्रमको सञ्चालन अशोक थापाले गरेका थिए ।


# हार्दिक बधाई



**श्री मनिषा द्वा**

यस श्री बाल गोपाल भजन कृतन सेवा समितिका उपाध्यक्ष केशव द्वाकी छोरी नेपालमा सन् २०13 देखि अन्तरिक्ष विज्ञान र खगोलशास्त्रको विकास र प्रवर्द्धन गर्दै आएकी साथै युवा परिचालन समितिका सक्रिय सदस्य पोखरा–13 निवासी **श्री मनिषा द्वालाई हाइ इनर्जी एस्ट्रोफिजिक्स** मा **विद्यावारिधि** गर्नको लागि २०२४ को जोन्टा अन्र्तराष्ट्रियको **अमेलिया इयरहार्ट फेलोसिप अवार्ड** प्रदान गरिएकोमा **हार्दिक बधाई** ज्ञापन गर्दै उहाँको उज्ज्वल भविष्यको कामना सहित उत्तरोत्तर प्रगतिको **शुभकामना** व्यक्त गर्दछौं ।

**अध्यक्ष एवं**
**श्री बाल गोपाल भजन कृतन सेवा समिति परिवार**
**गौंडाकोमुख, पोखरा-१३**


# एन प्याक्सनको अन्तरविद्यालय बुद्धिचाल प्रतियोगिता

**पोखरापत्र संवाददाता**
पोखरा, १९ जेठ

नेशनल प्याक्सन कास्कीको आयोजनामा दोस्रो अन्तर विद्यालय बुद्धिचाल प्रतियोगिता सम्पन्न भएको छ ।

एन प्याक्सनमा आवद्ध विद्यालयका विद्यार्थीवीच भएको प्रतियोगितामा छात्र र छात्रा तर्फ ४०/४० जनाको सहभागिता रहेको थियो । प्रतियोगितामा छात्र तर्फ कास्की मोडनाइज्ड एकेडेमीका मितेश थापा प्रथम, सिद्धार्थ लवडेल वोर्डिङ स्कूलका पृथ्वीराज न्यौपाने द्धितीय, त्रिवेणी पब्लिक हाइयर सेकेण्डरी स्कूलका प्रमोद रानाभाट तृतीय र सिद्धिविनायक वोर्डिङ स्कूलका आयस रञ्जीत सान्त्वना भएका छन् । त्यसैगरी छात्रा तर्फ त्रिवेणी



पब्लिक हाइयर सेकेण्डरी स्कूलकी चाहान राई प्रथम, सिद्धिविनायक वोर्डिङ स्कूलकी सन्ध्या शर्मा द्धितीय, रत्नज्योति हाइयर सेकेण्डरी स्कूलकी श्यामसुधा पराजुली तृतीय र ज्ञान ज्योति विद्याकुञ्ज माविकी जेशिका गुरुङ सान्त्वना भएका थिए । विजयी विद्यार्थीलाई ट्रफि र प्रशंशा पत्र प्रदान गरिएको थियो ।

प्रतियोगितामा सिनियर नेशल आर्विटर नरेन्द्र रानाभाट, सिनियर नेशनल आर्विटर शुक्र कुमार प्रधान, आर्विटर विनोद नाल्मी, सिनियर नेशनल आर्विटर महेश्वर अधिकारी, नेशनल आर्विटर किरण कुमार रञ्जीत, नेशनल आर्विटर सागर साइ र नेशल आर्विटर रामबहादुर क्षेत्रीले सहजिकरण गरेका थिए । कार्यक्रममा बोल्दै प्रमुख अतिथी शिक्षा विकास तथा समन्वय इकाइ कास्कीका प्रमुख लोकनाथ आचार्यले विद्यार्थीहरुको विभिन्न क्षमताको बौद्धिकता निखार्ने काम बुद्धिचाल प्रतियोगिताले गर्ने बताए ।

एन प्याक्सनले गर्ने हरेक गतिविधि उत्कृष्टता रहेको बताउदै उनले यो प्रतियोगिताले विद्यार्थीको आत्माविश्वास, सिर्जनशिलता र धैर्य गर्ने शक्तिको विकास हुने उल्लेख गरे । नेशनल प्याक्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारीको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन सदस्य तथा कार्यक्रम संयोजक शिवराज पौडेलले गरेका थिए ।

## सामुदायिक ...

आधारमा चालु आर्थिक वर्षको फागुन मसान्तसम्ममा स्थायी लेखा नम्बर(पान) दिने घोषणा गर्नुभएको थियो ।

यसअघि सरकार ीस्तरबाट संरक्षण, विकास र उपयोग गर्नेगरी समूहलाई हस्तान्तरण गरिएको मितिदेखि हालसम्मको लेखापरीक्षण प्रतिवेदनका आधारमा कूल रकमको कर चुक्ता गरेर मात्र पान नम्बर दिने व्यवस्थालाई सच्याउँदै वर्तमान नीति लागू गरिएको हो ।

महासङ्घको निरन्तर प्रयासका कारण सरकारले गरेको उक्त घोषणा वन समूहका लागि महत्वपूर्ण उपलब्धि भएको महासङ्घका केन्द्रीय अध्यक्ष ठाकुर भण्डारीले बताउनुभयो । "सरकारको स्थायी नम्बर दिने घोषणाले वन समूह र सरकारी तहमा वनको विकास र आयआर्जनका कार्यक्रमका लागि सरकारी स्तरबाट आवश्यक बजेट प्राप्त गर्न सहज हुन्छ", उहाँले भन्नुभयो, "उक्त निर्णयबाट समूहमा सुशासन एवं पारदर्शिता कायम हुनुका साथै राज्यका लागि करोडौं राजस्व सङ्कलन हुने विश्वास छ ।" अध्यक्ष भण्डारीका अनुसार प्राप्त उपलब्धिको उचित उपयोग गर्दै तोकिएको समयभित्र प्रत्येक समूहले पान नम्बर लिएर जिम्मेवार नागरिकको भूमिका निर्वाह गर्नुपर्दछ ।

उहाँले वनमा काठ कुहिएर, डढेलोले डढेर खेर जानु, मुलुकमा खर्बौंको काठ र काठजन्य सामग्रीका साथै युपिभिसी, फलाम तथा आल्मोनियम आयात गर्ने अवस्थाको अन्त्य हुने खालको वन नीतिको खाँचो रहेको औंल्याउनुभयो । उपभोक्ता महासङ्घले सरकारसँग गरेका विभिन्न ३६ वटा मागमध्ये कतिपय पूरा भएको बताउँदै अध्यक्ष भण्डारीले वन नियमावलीमा समुदायको हकअधिकार सुनिश्चितताका लागि महासङ्घले निरन्तर पैरवी गर्दै आएको जानकारी दिनुभयो । विसं २०५२ जेठ १८ गते स्थापना भएको महासङ्घमा हाल २२ हजार सात सय ६० वन समूहका ३१ लाख ६८ हजार चार सय ४९ घरधुरीले २३ लाख १८ हजार आठ सय ११ हेक्टर क्षेत्रफलको वन व्यवस्थापन गर्दै आएका छन् ।

सामुदायिक वन उपभोक्ता महासङ्घ कास्कीका अध्यक्ष विश्वनाथ लामिछानेले पर्यटकीय राजधानी पोखरा र आसपासमा सरकारीस्तरबाट वन विकासका लागि विनियोजन गरेको रकम यसअघि पानका कारण प्राप्त गर्न नसकेको जनाउँदै सरकारको घोषणाले बाटो खोलिदिएको बताउनुभयो ।


महासङ्घको 'एक वन एक उद्यम' कार्यक्रमअन्तर्गत यस क्षेत्रमा वन समूहले प्राकृतिक स्रोतमा आधारित उद्यम, पर्या-पर्यटन, अग्निरेखा निर्माण, पार्क, वनभोजस्थल, पदमार्गलगायत कार्यक्रममा जोड दिँदै आएको उहाँको भनाइ छ ।


# कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

# प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :

» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

# के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्धार सम्बन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

**महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार**

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:00 बजेदेखि बेलुकी ५:00 बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१–५८२५०८, ०६१–५७०६५१, ०६१–५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# महिला सहभागिता बढाउने अठोट

नेकपा एमालेले आयोजना गरेको दुई दिने महिला भेलाले महिला सहभागिता बढाउने लगायत २१ बुँदे प्रस्ताव पास गरेको छ । एमालेको जनवर्गीय संगठन संयन्त्रले बुधबार र बिहिवार काठमाडौंमा आयोजना गरेको भेलाले राजनीतिमा महिला सहभागिता वृद्धि, नेतृत्वमा हस्तक्षेपकारी भूमिका र लैंगिक विभेद अन्त्यका सवालमा आधारभूत तहदेखि नै मिहेनतका साथ लाग्ने प्रतिवद्धता पनि व्यक्त गरेको छ । एमालेले सबै जनसंगठनका महिलाहरूलाई एकैपटक एकैथलोमा जम्मा गरेर महिलाहरूलाई नेतृत्वमा पुग्न सकिने बाटो देखाएको छ ।

भेलाले जारी गरेको २१ बुँदे प्रस्तावमा एमालेमा हाल २७ प्रतिशत मात्र महिला सदस्य रहेकोमा यसलाई बढाएर ५० प्रतिशत पुर्‍याउने लक्ष्य राखिएको छ । यसका लागि सम्बद्ध सबै संगठनले विशेष अभियान सञ्चालन गर्ने प्रस्ताव पारित गरेको छ । सदस्यता २०६३ जेठ १६ गते तत्कालिन पुनर्स्थापित प्रतिनिधि सभाकी सदस्य एवं एमाले उपाध्यक्ष विद्यादेवी भण्डारीले संसदमा पेश गरेको संकल्प प्रस्तावका आधारमा संसद लगायत राज्यका हरेक निकायमा ३३ प्रतिशत सहभागिता सुनिश्चित गरको थियो । सो प्रस्ताव तत्कालीन संसदले जेठ १६ गते पास गरेको हुनाले एमालेले उक्त दिनलाई महिला विशको रुपमा सम्झाना गर्ने गरेको छ ।

जारी प्रस्तावमा संसदमा ३३ प्रतिशत महिला सहभागिता भए पनि राज्यका अन्य निकायमा त्यस अनुसार नभएको र संविधानको धारा ३८ को मर्म अनुसार प्रतिनिधित्वलाई सुनिश्चित गर्न माग गरिएको छ । प्रस्तावमा राजनीतिमा युवा महिलालाई जोड्न अनेम संघले विशेष अभियान सञ्चालन गर्ने उल्लेख गरिएको छ । 'अवसर र जिम्मेवारी दुवै बराबरी'को सिद्धान्त अनुसार पारिवारिक र सार्वजनिक रुपमा महिला र पुरुषबीचको सहकार्यको संस्कार विकास गर्ने प्रतिद्धता व्यक्त गरिएको छामहिलाहरुको अगाडि बढेको कदमलाई पछ्याउनु समाजलाई आत्मसात गर्नु हो ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : अप्रत्यसित लाभ |
| वृष | : झमेला बड्ने | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : कार्यमा सफलता | धनु | : आर्थिक समस्या |
| कर्कट | : शुभ यात्रा | मकर | : मानसिक तनाब |
| सिंह | : स्वास्थ्यमा सुधार | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# पुल बनेपछि यातायात सेवा थप सहज

**पोखरापत्र संवाददाता**
बागलुङ, १९ जेठ

बागलुङका तमानखोला गाउँपालिकाले सबैभन्दा टाढाको बस्तीमा नियमित यातायात सञ्चालनमा लागि मोटरेबल पुल निर्माण गरेको छ ।

गाउँ पुग्ने पुल निर्माण भएपछि स्थानीय हर्षित भएका छन् । गाउँपालिकाले चालु आर्थिक वर्षमा विनियोजन गरेको रु ८७ लाख ६७ हजार नौ सय २६ लागतमा पुल निर्माण गरेको हो । गाउँपालिकाको वडा नं १ मा पर्ने भिकोसघाट पुल निर्माण भएपछि वडा नं ५ र ६ का बस्तीमा सञ्चालन हुने यातायातलाई सहज भएको छ । सबैभन्दा विकट मानिने तमानखोलाको खुङ्खानी, नर्जाखानी र थास्पुरीलगायतका स्थानमा बर्खामा करिब चार महिना गाडी बन्द हुने गर्छन् ।

यस वर्ष वडा नं ५ को खुङ्खानीसम्म सहजरुपमा यातायात सञ्चालन गर्नका लागि यहाँ पुल बनाएको गाउँपालिकाले जनाएको छ । तमानखोलाको सबैभन्दा टाढाको गाउँ नर्जाखानी हो । वडा नं ६ को नर्जाखानी, पाल्ते, भित्रिवनलगायतका गाउँका बाह्रै महिना यातायात सञ्चालनका लागि पाँच स्थानमा मोटरेबल पुल बन्नुपर्छ । यस वर्ष गाउँपालिकाले भिकोसघाटमा पुल बनाएपछि अब नर्जाखानी पुग्न चार वटा पुल बन्न जरुरी छ ।

# स्वदेशमा रोजगारीका अवसर सिर्जना गर्नुपर्नेमा जोड

**पोखरापत्र संवाददाता**
तनहुँ, ५ जेठ

राष्ट्रिय स्वतन्त्र पार्टीका उपसभापति एवं प्रतिनिधिसभा सदस्य डा स्वर्णिम वाग्लेले युवा रोजगारीका लागि विदेशिने क्रम रोक्न स्थानीयस्तरमा अवसर सिर्जना गर्नुपर्ने बताउनुभएको छ ।

दमौलीमा शनिार आयोजित पत्रकार सम्मेलनमा सांसद वाग्लेले सरकारले प्राथमिकता साथ स्वरोजगार तथा सीपमूलक तालिकको व्यवस्था गर्दै अवसर सिर्जना गरी युवा विदेशपलायन हुने दर न्यूनीकरण गर्नुपर्नेमा जोड दिनुभयो । वर्षात्मा पृथ्वी राजमार्गमा यात्रा गर्दा सास्ती हुने गुनासो आएपछि वर्षा अगावै सडक विस्तारको काम द्रूत गतिमा गराइने सांसद वाग्लेले बताउनुभयो । राजमार्गको पूर्वी खण्डमा तीव्र गतिमा काम भए पनि पश्चिमी खण्डमा ढिलाइ भएकोबारे सञ्चारकर्मी सांसद वाग्लेलाई जानकारी गराएका थिए । सांसद वाग्लेले सम्बन्धित निकायलाई वर्षा अगावै काम द्रूत गतिमा अगाडि बढाउन आग्रह गरिएको बताउनुभयो । उहाँले भन्नुभयो, "निर्माण कम्पनीका ठेकेदारलाई वर्षात्को समयमा निर्माणाधीन सडकमा यात्रा गर्न सास्ती हुने भएकाले कामलाई तीव्रता दिन आग्रह गरेका छौँ ।" विगतमा भन्दा आर्थिक वर्ष २०८१/८२ मा बजेटले तनहुँलाई उल्लेखनीय रुपमा सम्बोधन गरेको उहाँको दाबी छ ।

अहिलेको मुख्य एजेण्डा विपद् व्यव्स्थापन भएको भन्दै सांसद वाग्लेले स्थानीय तह तथा सरोकार भएका सबै एकजुट भएर विपद् व्यवस्थापनमा लाग्नुपर्नेमा जोड दिनुभयो । उहाँले आगलागी र हावाहुरीले पुर्‍याएको क्षतिलाई प्राथमिकतामा राखी क्षतिपूर्ति दिलाउन पहल गर्ने प्रतिबद्धता जनाउनुभयो ।

दमौली अस्पताललाई दुई वटा डायलासिस मेसिन उपलब्ध गराएको जनाउँदै सांसद वाग्लेले सङ्घीय संसद्बाट गर्नुपर्ने पहल सकारात्मकरुपमा गर्ने उल्लेख गर्नुभयो । पत्रकारिताको विकासमा योगदान दिन निडर, निष्पक्ष भएर कलम चलाउने पत्रकारलाई पुरस्कारको व्यवस्था गर्न रु तीन करोडको अक्षयकोष स्थापना गरिएको उहाँले जानकारी दिनुभयो ।

# तनहुँको झाँगाझोली आन्तरिक पर्यटकको रोजाइमा

**पोखरापत्र संवाददाता**
तनहुँ, ५ जेठ

जिल्लाको शुक्लागण्डकी नगरपालिका-६ झाँगाझोलीमा निर्माण गरिएको 'गौरादेवी प्राकृतिक जडिबुटी उद्यान' आन्तरिक पर्यटकको रोजाइमा पर्न थालेको छ ।

नेपालमा पाइने अधिकांश जडीबुटीका बिरुवा रोपेर यस क्षेत्रलाई शैक्षिक अध्ययन तथा अनुसन्धानको केन्द्र बनाउन लागेपछि अवलोकनका लागि आन्तरिक पर्यटक आउन थालेका हुन् । उद्यानमा बिदाका दिनमा पाँच सय बढी र अन्य दिनमा दुई सयको हाराहारीमा आन्तरिक पर्यटक आउने गरेका झाँगाझोली एग्रो टुरिजम प्रालिका सञ्चालक उज्ज्वल पौडेलले जानकारी दिनुभयो । "करिब पाँच रोपनी क्षेत्रफलमा दुई सय बढी प्रजातिका जडीबुटीका बिरुवा रोपिएको छ", उहाँले भन्नुभयो, "आगन्तुकलाई जडीबुटी, वनस्पतिलगायत बिरुवाको बारेमा जानकारी दिन नेमप्लेट (नामसहितको विवरण) टाँस गरी राखेका छौँ ।"

उक्त स्थानलाई 'शैक्षिक हब'कारुपमा प्रवर्द्धन गर्ने लक्ष्यसहित जडिबुटी र वनस्पति रोप्ने अभियानअघि बढाइएको सञ्चालक पौडेलले बताउनुभयो । उद्यानमा रुद्राक्ष, कुरिलो, तेजपात, श्रीखण्ड, बेल, अश्वगन्धा, असुरो, पाखनबेद, तुलसी, नीम, बोझो, टिमुर, लोडसल्लालगायत औषधिजन्य जडीबुटी लगाइएको उहाँले जानकारी दिनुभयो । सिन्धुलीको सुनकोशी गाउँपालिका-३ झाँगाझोली निवासी ८९ वर्षीय गौरादेवी दाहालको नाममा उक्त उद्यान स्थापना गरिएको हो । रु एक करोड ५० लाखको लागतमा स्थापना गरिएको जडीबुटी उद्यानसहितका विभिन्न भौतिक संरचनाले यहाँ घुम्न आउने पर्यटकलाई आकर्षित गर्ने गरेको पौडेलको भनाइ छ ।

उद्यानमा जडीबुटीका साथै हात्ती, गैँडा, बाघ, घोडालगायत विभिन्न जातका पन्छी र जनावरका आकर्षक मूर्ति निर्माण गरिएको उद्यानका सञ्चालक शङ्करप्रसाद अधिकारीले बताउनुभयो । उहाँले भन्नुभयो, "खोलाको वरपर रहेको जङ्गलको हरियाली र चुराचुरुङ्गीको आवाजले झाँगाझोली क्षेत्रमा घुम्न आउने जोकोही पर्यटक खुसी भएर फर्किने गरेका छन् ।" अधिकारीका अनुसार ५० भन्दाबढी प्रजातिका फलफूलका बिरुवा लगाएर नामसहितको सुन्दर बगैँचा स्थापना गरिएको छ । "विभिन्न जातका जडीबुटीका बिरुवा हेर्न आउनेलाई उक्त बिरुवाको महत्वका बारेमा जानकारी गराउने गरेका छौँ", उहाँले भन्नुभयो । पछिल्लो समय झाँगाझोलीमा पर्यटकको आवागमन बढेसँगै यस क्षेत्रको प्रचारप्रसार हुन थालेको सञ्चालक अधिकारीले बताउनुभयो । यस क्षेत्रलाईपर्यटकीयगन्तव्यस्थलका रुपमा परिचित गराउने लक्ष्यसहित अभियान थालिएको भन्दै यहाँको पर्यटन प्रवर्द्धन गर्न सके स्थानीयको जीवनस्तर सुधार हुँदै जाने उहाँको भनाइ छ ।

रूद्र कुण्ड, रूद्र घण्ट मठमन्दिर रहेको 'गौरादेवी नेचुरल हर्वल पार्क' बाट पर्यटकले मनोरम दृश्यसहित मनोरञ्जन लिन सक्नेछन् । "पारिवारिक वातावरणमा अर्गानिक खाना र आरामदायी बसाइका लागि उत्कृष्ट गन्तव्यको रुपमा झाँगाझोलीलाई विकास गर्दै लगेका छौँ", सञ्चालक अधिकारीले भन्नुभयो । तनहुँको शुक्लागण्डकी नगरपालिकास्थित झाँगाझोली र सिन्धुलीको सुनकोशी गाउँपालिकामा रहेको झाँगाझोली पर्यटकीय गन्तव्यको रूपमा विकास भइरहेका छन् । दुवै जिल्लाका झाँगाझोली धार्मिक तथा पर्यटकीय गन्तव्यको रुपमा परिचित छन् । यस क्षेत्रको प्रचारप्रसार र संरक्षण गरी पर्यटन प्रवर्द्धन गर्नुपर्ने स्थानीयको भनाइ छ ।

# परम्परागत ठेलो खेलमा स्याङजाका 'दुजिक' बने च्याम्पियन

**पोखरापत्र संवाददाता**
पोखरा, १९ जेठ



तेस्रो संस्करणको गण्डकी प्रदेशस्तरीय परम्परागत ठेलो खेलमा स्याङजाका दुजिक थापा मगर च्याम्पियन भएका छन् ।

म्याग्दीको सदरमुकाम बेनीमा सम्पन्न प्रतियोगितामा १४.३१ मिटरको दुरी फाल्दै उनी च्याम्पियन बनेका हुन् । यसै गरी प्रतियोगितामा पर्वतका किरण विक दोस्रो भएका छन् । उनले १४.२६ मिटरको दुरी फाले भने पर्वतका राजेन्द्र हमालले १३.०० मिटरको दुरी फाल्दै तेस्रो बने । च्याम्पियन भएका दुजिकले नगद रु १५ हजार, किरणले नगद रु १० हजार र राजेन्द्रले नगद रु ५ हजारका साथमा मेडल, प्रमाणपत्र र ट्रफी हात पारे । गण्डकी प्रदेश अन्तर्गत रहेका विभिन्न मौलिक र परम्परागत खेलहरुको संरक्षण, प्रवर्द्धन र जर्गेना गर्न परिषदले विगत तीन वर्ष देखि लगातार यस प्रकारका विभिन्न प्रतियोगिताहरु आयोजना गर्दै आएको छ ।

विजेता खेलाडीहरुलाई पुरस्कार वितरण गर्दै बेनी नगर पालिकाका प्रमुख सुरत बहादुर केसीले समग्र म्याग्दीको खेल विकासका लागि यस प्रकारका प्रतियोगिताहरु महत्वपूर्ण हुने जनाउँदै स्रोत अभावका कारण बेनी नगरपालिका भित्रका धेरै खेल पूर्वाधारहरु निर्माण कार्य अधुरो रहेको गुनासो पोखे ।

परिषदका सदस्य एवं परम्परागत तारा खेलका संयोजक योगेन्द्र शेरचनको अध्यक्षतामा भएको समापन कार्यक्रममा परिषदका कार्यकारी सदस्य दिल बहादुर गुरुङ, परिषदका सदस्य गिरमान गुरुङ, जिल्ला खेलकुद म्याग्दीका अध्यक्ष दिनेश केसीलगायतले विजेता खेलाडीहरुलाई मेडल तथा प्रमाणपत्र वितरण गरेका थिए । प्रतियोगितामा विभिन्न जिल्लाका १५ जना खेलाडीहरुको सहभागिता रहेको थियो ।

# प्रदेशस्तरीय परम्परागत तारा खेल : फाइनलस्पर्धामा घरेलु टोली म्याग्दी 'ए' च्याम्पियन

**पोखरापत्र संवाददाता**
पोखरा, १९ जेठ



गण्डकी प्रदेशस्तरीय परम्परागत तारा खेलमा घरेलु टोली म्याग्दी 'ए' च्याम्पियन बनेको छ ।

प्रदेश खेलकुद परिषद गण्डकीको आयोजनामा म्याग्दीको सदरमुकाम बेनीमा सम्पन्न फाइनल स्पर्धामा कास्कीलाई झिनो ३ अंकले अग्रता लिदैं च्याम्पियन भएको हो । शुक्रबारबाट सुरु भएको खेलमा कास्कीले लगातार लिड लिए पनि दोस्रो दिन अन्तिम खेल बाँकी हुँदा म्याग्दी 'ए' ८७ का विरुद्ध ९० अंक प्राप्त गर्दै च्याम्पियन भयो । निकै प्रतिस्पर्धात्मक खेलमा तेस्रो स्थान प्राप्त गरेको मुस्ताङ जिल्लाले ८६ अंक बटुल्यो ।

च्याम्पियन भएको म्याग्दीले नगद रु ७५ हजार, कास्कीले नगद रु ५० हजार र मुस्ताङले नगद रु ३० हजारका साथमा ट्रफी, मेडल तथा प्रमाणपत्र हात पारे । प्रतियोगितामा म्याग्दी 'ए'का विकल जुग्जाली सर्वश्रेष्ठ धर्नुधर घोषित हुँदै नगद रु ५ हजार विशिस्ट धर्नुधर भएका मुस्ताङका एरवेज गर्वुजाले नगद रु ३ हजार प्राप्त गरे ।

प्रतियोगितामा बिजेता खेलाडी तथा टिमलाई प्रदेश खेलकुदका कार्यकारी सदस्य दिल बहादुर गुरुङ, परिषदका सदस्य गिरमान गुरुङ, कार्यालय प्रमुख तोपलाल भुसाल, म्याग्दी खेलकुद विकासका अध्यक्ष दिनेश केसी, परिषदका लेखा प्रमुख निलकण्ठ ढकाललगायतले नगद, ट्रफी, मेडल तथा प्रमाणपत्र वितरण गरेका थिए । समापन कार्यक्रममा प्रतियोगिताका संयोजक एवं परिषदका सदस्य योगेन्द्र शेरचनले प्रतियोगिता सफल बनाउन भूमिका खेल्नेहरु प्रति आभार व्यक्त गर्दै चौथो सस्करणका लागि जुट्न सबैलाई आग्रह गरे । प्रतियोगितामा गण्डकी प्रदेशका विभिन्न जिल्लाका ६ जिल्लाका ४२ जना खेलाडीहरुको सहभागिता रहेको थियो ।

# विन्ध्यश्वरी आदर्शलाई बास्केटबलको उपाधि

**पोखरापत्र संवाददाता**
पोखरा, १९ जेठ



पोखरा महानगरपालिका वडा नम्बर १ विद्यालयस्तरीय बास्केटबल प्रतियोगिताको उपाधि मोहरियाटोलको विन्ध्यश्वरी आदर्श बोर्डिङ स्कुलले जितेको छ ।

पोखरा महानगरपालिका १ खेलकुद विकास समितिको आयोजनामा टुडिखेलमा आज (शनिबार) भएको फाइनल खेलमा महिलातर्फ विन्ध्यश्वरी आदर्शले राष्ट्रिय माविलाई १७-३ ले हराउँदै उपाधि उपाधि जितेको हो । सो प्रतियोगिताबाट करुणानिधी एजुकेशन फाउण्डेशन (केफ) ले पोखरा आदर्शलाई हराउँदै तृतीय बनेको आयोजक संस्थाका सचिव अनिश गुरुङले जानकारी दिए । उनका अनुसार उपाधिसँगै विन्ध्यश्वरीले नगद रु १२ हजारसहित रनिङ शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ । यस्तै द्वित्तीय बनेको राष्ट्रिय मावि र तृतीय बनेको केफलाई क्रमश नगद रु १० हजार र ८ हजारसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्रदान गरिने गुरुङले बताए । उनका अनुसार आइतबार विहान समापन समारोहकाबीच पुरस्कार वितरण गरिनेछ । यसअघि विन्ध्यश्वरीले सेमिफाइनलमा करुणानिधी एजुकेशन फाउण्डेशन (केफ) लाई हराउँदै फाइनलको यात्रा तय गरेको थियो भने राष्ट्रिय माविले पोखरा आदर्शलाई पराजित गरेर फाइनल पुगेको थियो । यसै गरी प्रतिकुल मौसमका कारण पुरुषतर्फको फाइनल खेल स्थगित भएको छ । अब उक्त खेल आइतबार विहान ८ बजे हुने संस्थाका अध्यक्ष विष्णु गुरुङले जानकारी दिए । फाइनल खेलका लागि करुणानिधी एजुकेशन फाउण्डेशन (केफ) र स्पाइरल ग्यालेक्सी मावि भिड्ने छन् ।

यसअघि सेमिफाइनलमा केफले राष्ट्रिय मावि र स्पाइरलले पोखरा आदर्शलाई हराउँदै फाइनल प्रवेश गरेको थियो ।

प्रतियोगितामा राष्ट्रिय मावि पोखरा आदर्शलाई पराजित गर्दै तृतीय बनेको छ । विजेता टिमले नगद रु १५ हजार, रनिङ शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता टिमले नगद रु १० हजार, शिल्ड, मेडल तथा प्रमाणपत्र हात पार्नेछ ।

यस्तै सान्त्वना स्थान हाँसिल गर्ने टिमलाई नगद रु ५ हजार, शिल्ड, मेडल तथा प्रमाणपत्रद्वारा पुरस्कृत गरिने छ । गुरुङका अनुसार सो प्रतियोगितामा कुल १३ वटा विद्यालयबाट छात्रातर्फ ४ टिमको सहभागिता रहेको छ भने छात्रतर्फ ८ टिमको सहभागिता रहेको छ ।

# पोखरा बक्सिङ च्याम्पियनसिप सम्पन्न

## खेलकुदको माध्यममार्फत पोखरालाई प्रर्वद्धन गर्न सकिन्छ : मेयर आचार्य

**पोखरापत्र संवाददाता**
पोखरा, १९ जेठ



पोखरा महानगरपालिका खेलकुद विकास समितिले आयोजना गरेको पोखरा बक्सिङ च्याम्पियनसिप-२०८१' सम्पन्न भएको छ।

कास्की जिल्ला बक्सिङ संघको व्यवस्थापनमा पोखरा रंगशालास्थित बक्सिङ रिङमा शुक्रबार अवेर सम्पन्न भएको हो । सम्पन्न प्रतियोगितामा पुरुषतर्फको ५१ केजि तौल समुहमा बाग्मती प्रदेशका लाल प्रसद उप्रेती च्याम्पियन बनेका छन् । उनले कर्णालीका लक्ष्मण राईलाई पराजित च्याम्पियन बनेका हुन् । महिलातर्फको ४८ केजी तौल समूहमा मधेश प्रदेशकी मनिषा राई प्रथम भइन् । उनले कोशी प्रदेशकी शिला राईलाई पराजित गरिन् । यस्तै पुरुष ५७ केजीमा लुम्बिनीका अनिल पुन मगरले गण्डकीका चन्द्र मगरलाई पराजित गरे । महिला ५० केजीमा बाग्मतीकी रमिसा श्रेष्ठले त्रिभूवन आर्मी क्लवकी लालुमाया खत्रीलाई पराजित गरिन् । पुरुष ६० केजीतर्फ सुदुरपश्चिमका रामबहादुर थापालाई पराजित गर्दै गण्डकीका शिव सिलवाल विजयी भए । महिला ५२ केजीमा सशस्त्र प्रहरीको एपीएफ क्लवकी सञ्जु थिङसँग गण्डकीकी सोनिया बरुवाल पराजित भईन् । पुरुषतर्फको ६३ केजी समुहमा गण्डकीका निश्चल गुरुङले सुदुरपश्चिमका महेन्द्र चन्दलाई पराजित गरे । महिलातर्फ ५७ केजीमा गण्डकीकी प्रियङ्का गुरुङ कोशीकी नारिका गुरुङसँग पराजित भइन् । त्यस्तै, पुरुष ६७ केजीतर्फ कर्णालीका प्रशांग सुब्बाले गण्डकीका आयुष तामाङलाई पराजित गरे । ७० केजी महिलातर्फ सशस्त्र प्रहरीको एपीएफ क्लवकी बिनिता थापा मगरले गण्डकीकी अस्मिता बस्नेतलाई पराजित गरिन् ।

७१ केजी पुरुषतर्फ गण्डकीका निशान गुरुङ सुदुरपश्चिमका भरत चन्दसँग पराजित भए । महिलातर्फ ७५ केजीमा कोशीकी शिला महर्जनले गण्डकीकी जोशिका श्रेष्ठलाई पराजित गरिन् । पुरुष ७५ केजी तौल समुहमा बाग्मतीका बिनिस राईलाई पराजित गर्दै गण्डकीका तार्जन घर्तीमगर विजयी भए ।

यस्तै पुरुष ८० केजीतर्फ बाग्मतीका मनोज तामाङले गण्डकीका हेमकुमार गुरुङलाई र ८६ केजीमा गण्डकीका किरन वि.क.ले लुम्बिनीका प्रसन थापालाई पराजित गरे । प्रतियोगितामा विजेता बक्सरलाई नगद २० हजार र उपविजेताले नगद १० हजार ,प्रमाणपत्र र पदकद्वारा पुरस्कृत गरिएको कास्की जिल्ला बक्सिङ संघका अध्यक्ष सुमन कुमार श्रेष्ठले जानकरी दिए । उत्कृष्ठ बक्सर गण्डकीका निश्चल गुरुङ र महिला तर्फ एपीएफकी विनिता थापामगर घोषित भए । विजेता र उपविजेता खेलाडीलाई पोखरा महानगरपालिका प्रमुख धनराज आचार्य, पोखरा महानगर खेलकुद विकास समितिका अध्यक्ष दिपकबहादुर गोदार, नेपाल बक्सिङ संघका केन्द्रिय अध्यक्ष राम अवाले, केन्द्रिय उपाध्यक्ष किरण श्रेष्ठ, रामबहादुर गिरी, गणेशबहादुर भट्टराई, महासचिव मानबहादुर भण्डारी, नेपाल बक्सिङ संघ गण्डकी प्रदेश अध्यक्ष विद्या प्रसाद मर्सानी, जिल्ला अध्यक्ष सुमनकुमार श्रेष्ठ, महानगर बक्सिङ संघका सचिव बुद्ध गुभाजु लगायतले पुरस्कार वितरण गरेका थिए । बक्सिङ च्याम्पियनसिपमा महिला तर्फ १२ र पुरुष तर्फ १८ गरी ३० जना बक्सरले विभिन्न तौलमा भिडेका थिए । यसअघि पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले उद्घाटन गरेका थिए । पोखरामा राष्ट्रियस्तरको च्याम्पियनसिप नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता बाहेक १७ वर्षपछि आयोजना भएको हो । यसअघि २०६४ सालमा राष्ट्रिय बक्सिङ प्रतियोगिता पोखरामा आयोजना गरिएको थियो । खेलकुदका माध्यमबाट पोखरालाई राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा चिनाउन सकिने पोखरा महानगरपालिका प्रमुख धनराज आचार्यले बताएका छन् । शुक्रबार पोखरामा भएको पोखरा राष्ट्रिय बक्सिङ च्याम्पियनसिप-२०८१ को उद्घाटन गर्दै उनले पोखरालाई खेलका माध्यम मार्फत अन्तराष्ट्रिय क्षेत्रमा चिनाउन सकिने बताएका हुन् ।

पर्यटन राजधानी पोखरालाई अन्तराष्ट्रिय ब्राण्डिङ गर्न यहाँ आयोजना गरिने विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय खेल प्रतियोगिताहरु महत्वपूर्ण रहने उनले बताए । उनले भने, 'नेपाललाई अन्तराष्ट्रिय प्रतिस्पर्धा, ओलम्पिकमा पुऱ्याउने भनेको अहिलेका विद्यालय तहका बालबालिकाले हो । त्यसैले उनीहरुको 'ग्रुमिङ'का लागि महानगरले थुप्रै खेल गतिविधी सञ्चालन गरिरहेको छ । यस्लाई अझ व्यस्थित र भब्यरुपमा हामीले आगामी दिन सञ्चालन गर्ने तयारी गरिरहेका छौं ।' उनले पोखरामा राष्ट्रिय स्तरको प्रतियोगिताले खेलसंगसंगै यहाँको पर्यटन प्रर्वद्धन हुने विश्वास व्यक्त गरे । कार्यक्रममा बक्सिङ महासंघका केन्द्रिय उपाध्यक्ष तथा पूर्व राष्ट्रिय बक्सिङ खेलाडी गणेशबहादुर भट्टराईले राष्ट्रिय तथा अन्तराष्ट्रिय खेल गतिविधीले स्तरिय खेलाडी उत्पादनमा सहयोग पुग्नुका साथै आन्तरिक तथा बाह्य पर्यटनमा सहयोग पुग्ने विश्वास व्यक्त गरे । कार्यक्रममा नेपाल बक्सिङ महासंघका महासचिव मानबहादुर भण्डारी, पोखरा महानगर खेलकुद विकास समितिका अध्यक्ष दीपकबहादुर गोदार लगायतले बोलेका थिए ।

# टेन टु इलाभेनलाई भेट्रान्स फुटसलको उपाधि

**पोखरापत्र संवाददाता**
पोखरा, १९ जेठ



स्वर्णिम एफसीद्वारा आयोजित पहिलो संस्करणको भेट्रान्स (३५ बर्ष भन्दा माथी) फुटसल प्रतियोगिताको उपाधि टेन टु इलाभेनले जितेको छ ।

अमरसिंह स्पोर्टस् सेन्टरमा शनिबार भएको फाइनल खेलमा आयोजक (स्वर्णिम एफसी) रातोलाई ५-१ को फराकिलो गोल अन्तरले पराजित गर्दै टेन टु इलाभेनले उपाधि जितेको हो । उपाधिसँगै टेन टु इलाभेनले नगद रु ६० हजार, शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्यो ।

यस्तै उपविजेता बनेको आयोजकले स्वर्णिम एफसीले नगद रु ३० हजारसहित शिल्ड, मेडल तथा प्रमाणपत्र हात पार्यो ।

कुल १६ टिमको सहभागिता रहेको सो प्रतियोगिताबाट सर्वोत्कृष्ट खेलाडीका रुपमा टेन टु इलाभेनका चौ गुरुङ ट्रफि र नगद राशीसहित पुरस्कृत भए भने उत्कृष्ट गोलरक्षकका रुपमा आयोजकका मुन गुरुङ पुरस्कृत भए ।

विजेता तथा उपविजेता टोलीलाई समापन समारोहका प्रमुख अतिथिसमेत रहेका पोखरा महानगरपालिका १० का वडाध्यक्ष राजेश गुरुङ, क्लबका अध्यक्ष गोमेश गुरुङ, तथा प्रायोजकहरुले पुरस्कार वितरण गरेका थिए ।

# यार्सा सङ्कलनमा गएका दुईजनाको मृत्यु, एक सिकिस्त

**रासस**
काठमाडौं, १९ जेठ

यार्सागुम्बा टिप्न गएका दुईजनाको मुगुमा लेक लागेर मृत्यु भएको छ ।

पाटन ठूलो कोइकिमा लेक लागेर बिरामी परेपछि उपचारका लागि मुगु गाउँ ल्याइएका छायानाथ रारा नगरपालिका- १२ शोभा गाउँका २९ वर्षीय मानबहादुर बुढा र सोही नगरपालिकाको कम्फा गाउँका शोभान बुढाको मृत्यु भएको सशस्त्र प्रहरी जवान तिलक बढुवालले मुगु गाउबाट फोनमा रासस प्रतिनिधिलाई जानकारी दिनुभएको हो ।

जिल्ला प्रहरी कार्यालय मुगुका प्रहरी नायब उपरीक्षक वीरेन्द्र थापाले पनि यार्चा सङ्कलनमा गएका दुई जनाको लेक लागेर मृत्यु भएको र एक जना सिकिस्त बिरामी भएका बताउनुभयो । सिकिस्त बिरामी भएका कम्फा गाउँका राजबहादुर सावतलाई उपचारका निम्ति मुगुपाटनबाट मुगुगाउँतर्फ ल्याउँदै गरेको बताउनुभयो ।

गत वर्ष यार्सा टिप्न पाटन पुगेका तीन जनाको हिउँ पहिरोमा परेर र एक जनाको लडेर मृत्यु भएको थियो ।

मुगुका २४ भन्दाबढी क्षेत्रमा यार्सा सङ्कलन गर्न मुगुमकार्मारोङ्ग गाउँपालिकाले गत वैशाख २५ गते प्रवेश खुल्ला गरेको हो ।

# नागरिकको स्वास्थ्य परिक्षणमा सेनाको सहयोग

**श्रीकृष्ण सिग्देल**
स्याङ्जा, १९ जेठ



नेपाली सेनाले ग्रामिण क्षेत्रका नागरिकको निःशुल्क स्वास्थ्य परिक्षण गरिदिएको छ । बिशेषज्ञ चिकित्सक सहितको टोलीले ग्रामिण क्षेत्रका नागरिकको स्वास्थ्य परिक्षण गर्न नेपाली सेनाले व्यवस्थापन गरेको हो ।

बिशेषज्ञ सहितको स्वास्थ्य सेवा लिन स्याङ्जा सदरमुकाम देखी पोखरा पुग्न बाध्य भएका बिरुवा गाउँपालिकाका नागरिकलाई नेपाली सेनाले स्वास्थ्य शिविर मार्फत निःशुल्क स्वास्थ्य परिक्षण गरिदिएपछि यहाँका झण्डै ७ सय नागरिक लाभान्वित भएका छन् । स्याङ्जाको बिरुवा गाउँपालिका ८ मेथाभुरुङमा नेपाली सेनाले दुई दिने निशुल्क स्वास्थ्य शिविर आयोजना गरेको थियो । सिंह शार्दुल गुल्म आँधीखोला व्यारेक स्याङ्जाले समन्वय गरेको शिविरमा नेपाली सेनाका स्वास्थ्य चिकित्सिक, जिल्ला अस्पताल स्याङ्जाका चिकित्सकहरुबाट स्वास्थ्य परिक्षण गरिएको गुल्मपति पुरुषेत्तम कार्कीले जानकारी दिए । शिविरमा विशेषज्ञ चिकित्सकद्वारा हाडजोर्नी, ब्लड प्रेसर, मधुमेह, ग्यास्ट्राइटिस, स्त्रीरोग, बालरोग, चर्मरोग, नाक, कान, घाँटी, आँखा, पेट, छाती तथा मुटु रोग, छाला तथा यौन रोग, नशा रोग र दन्त चिकित्सक सेवाको साथै प्रकोपजन्य रोगको स्वास्थ्य परिक्षण र उपचार गरिएको थियो । जसबाट ६ सय ७८ जना नागरिकले प्रत्यक्ष बिशेषज्ञ चिकित्सकको सेवा पाएको गुल्मपति कार्कीले बताए । नेपाली सेनाले सामाजिक उत्तरदायीत्व अन्तर्गत हरेक ग्रामिण क्षेत्रमा स्वास्थ्य शिविर आयोजना गरेर नागरिकको सेवामा खटिने पश्चिम पृतना हेडक्वाटरका पृतनापति उपरथी सन्तोष बल्लव पौड्यालले बताए । नेपाली सेना देश र नागरिकको सुरक्षाको पहिलो अंग हो पृतनापति पौड्यालले भने,'हरेक विपतमा मात्रै सेना खटिने होइन, सामान्य अवस्थामा पनि यस्ता कार्यक्रम लिएर नागरिक माझ पुग्ने गर्छ ।' सेनाले आफ्नो काम कर्तव्य र अधिकारमा कहिल्यै चुक्दैन र चुक्न पनि दिदैन उनले भने । स्वास्थ्य नागरिक भएमात्रै स्वास्थ्य सेना उत्पादन हुने भन्दै उपरथी पौड्यालले जुनक्षेत्रमा स्वास्थ्यको पहुँच कमजोर छ त्यहाँ सेनाको सहभागिता रहने बताए । निशुल्क स्वास्थ्य शिविरमा सहभागी हुने नागरिक र स्वास्थ्य परिक्षणमा खटिने चिकित्सकहरुलाई उपरथी पौड्यालले प्रंशसा सहित धन्यवाद दिए । नेपाली सेनाको ३ नं बाहिनी अड्डा र ३ नं फि.ए. गुल्मको सहकार्यमा सेनाको सैनिक अस्पताल पोखरा र ३ नं फि.ए. गुल्मबाट साथै स्याङ्जाका स्वास्थ्य कार्यालयहरुबाट खटिएका विशेषज्ञ चिकित्सकहरुद्वारा शिविरमा स्वास्थ्य परिक्षण एवं उपचार सम्पन्न भएको सेनाले जनाएको छ । शिविरमा १ सय ५१ पुरुष, ३ सय ५७ महिला र १ सय ७० जना बालवालिकाले स्वास्थ्य परिक्षण सगै उपचार पाएका थिए । शिविरलाई सम्पन्न गर्न गाउँपालिकाले सहयोग गरेको थियो । शिविर समापनमा प्रमुख जिल्ला अधिकारी सुनिता नेपाल, जिल्ला प्रहरी प्रमुख प्रहरी उपरिक्षक शालिग्राम शर्मा, राष्ट्रिय अनुसन्धानका उपनिर्देशक शुसान्त बराल, सशस्त्र प्रहरी बल वालिङ स्याङ्जाका प्रमुख प्रहरी नायव उपरिक्षक देवराज जोशी, गाउँपालिकाका जनप्रतिनिधिहरु लगायतको सहभागिता रहेको आँधीखोला व्यारेकका गुल्मपति कार्कीले बताए ।

नेपाली सेनाले आयोजना गरेको स्वास्थ्य शिविरले धेरै फाईदा पुगेको स्थानीयले बताएका थिए । बेला–बेलामा यस्ता शिविरहरु आयोजना गरिदिन स्थानीयले नेपाली सेनालाई आग्रह गरेका थिए ।


## संस्थाको नाउँमा रहेको गैह्रबैंकिङ सम्पत्तिको गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्रीको १५ दिने सार्वजनिक सूचना

***प्रकाशित मितिः २०८१/०२/२० गते***

यस कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. पोखरा १३, को नाउँमा रहेको तपसिल बमोजिमको अचल सम्पत्ती सहकारी ऐन तथा नियमावलीले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोल पत्रद्वारा बिक्री गरिने भएको हुँदा लिन ईच्छुक व्यक्ति तथा संस्थाहरुले संस्थाबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी तपशिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । प्राप्त हुन आएका बोलपत्रहरु १६औं दिनका दिन खोलिने हुँदा तपशिलमा उल्लेखित मिति, समय र संस्थाको कार्यालय पोखरा १३ कुँडहर स्थित कार्यालयमा उपस्थित हुन समेत ईच्छुक खरिदकर्ता, बोलपत्रवाला तथा सम्बन्धित सबैलाई सुचित गरिन्छ । तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन । सम्पत्ती बिक्री गरिने उपरोक्त व्यहोरा अनुरोध गरिन्छ ।

**तपसिलः**

| क्र.सं. | जग्गाधनीको नाम | कित्ता नं. | क्षेत्रफल | ठेगाना | कैफियत |
|---|---|---|---|---|---|
| १. | कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड | १९८ | १३१.२० वर्ग मि. | पोखरा-७ | मिति २०७९/०९/२५ मा लिलाम सकार दाखिला खारेज भै आएको |
| २. | कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड | १५८ | १-०-३-१ / ५३४.५८ वर्ग मि. | साविक धिताल-३ | मिति २०७९/०९/२५ मा लिलाम सकार दाखिला खारेज भै आएको |

**लिलाम बिक्रीको शर्त तथा बन्देजहरु :**

१. बोलपत्र फारम यस कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. को कार्यालय समय भित्र रु १,०००/- (फिर्ता नहुने) बुझाई प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचनामा तोकिए बमोजिमको मिति, स्थान र समयमा प्राप्त भइ सक्नु पर्नेछ । म्याद नाघि वा रित नपुगी आएको तथा शर्त सहितको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
३. बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन संस्था विदा परेमा विदाको लगतै संस्था खुलेको दिनमा बोलपत्र बुझाउन/खोल्न सकिनेछ । सो तोकिए अनुसारको दिन विदा परेमा त्यसपछिको लगतै संस्था खुलेको दिन कारोवार गरी बोलपत्र खोल्न सकिनेछ ।
४. बोलपत्रमा आफूले खरिद गरिलिन चाहेको सम्पत्तिको विवरण खुलाई के कति रकममा खरिद गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
५. बोलपत्रमा आफूले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम धरौटी स्वरुप यस संस्थाको नाममा खिचिएको डाफ्ट/नगद जम्मा संस्थाको भौचर समेत शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नुपर्नेछ ।
६. कुनै पनि अवस्थामा बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ ।
७. इच्छुक खरिदकर्ताले खरिद गर्न चाहेको सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा खरिद गर्नुपर्नेछ । बिक्री हुने सम्पत्ति र अन्य कुरा बुझ्न हेर्न वा स्थलगत निरिक्षण गर्न चाहनु हुने महानुभावहरुले यस संस्थामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नुहुनेछ ।
८. उक्त बिक्रीमा राखेको सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर तथा अन्य शुल्क (पुँजिगत लाभकर बाहेक) खरिद गर्ने व्यक्ति वा पार्टी आफैंले तिर्नुपर्नेछ ।
९. उल्लेखित सम्पत्ति लिइ सकेपछि सोको सम्पूर्ण जवाफदेही स्वयम् खरिदकर्ताको हुनेछ । धनी संस्थासँग पछि कुनै कैफियत देखाउन वा दावी गर्न पाइने छैन ।
१०. बोलकबोल गरेको रकम वा धरौटी वापत बुझाएको रकममा कुनै व्याज प्रदान गरिने छैन । साथै बोलपत्रको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न पाइने छैन ।
११. शिलबन्दी बोलपत्र यस संस्थाले उपलब्ध गराए बमोजिमको तोकिदिएको ढाँचामा पेश गर्नुपर्नेछ । साथै बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।

| बोलपत्र पेश गर्ने अन्तिम मिति | बोलपत्र खोल्ने |
|---|---|
| मितिः २०८१/०३/०२<br>स्थानः कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि.<br>(पोखरा १३ वडा कार्यालय अगाडि)<br>समयः विहान १०:०० बजे देखि बेलुका ०५:०० बजेसम्म | मितिः २०८१/०३/०३<br>स्थानः कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि.<br>(पोखरा १३ वडा कार्यालय अगाडि)<br>समयः ०३:०० बजे दिउँसो |

**कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड**

पोखरा–१३, कास्की, फोन नं. ०६१–५८५७९५, ०६१–५७६९८८, ०६१–५८०५६७